**कोरोना भाइरससम्बन्धी कर्णाली प्रदेशको अवस्था**

सुर्खेत । ०७७ वैशाख २ गते

कर्णाली प्रदेश संकट व्यवस्थापन केन्द्रले बढी जनशक्ति प्रयोग हुने बाहेकका सीमित जनशक्तिबाट नियन्त्रित मेसिन औजारको प्रयोग गरी सञ्चालन हुने विकास निर्माणका कार्यहरुलाई सञ्चालन हुन दिने निर्णय गरेको छ ।

मुख्यमन्त्री महेन्द्र बहादुर शाहीको अध्यक्षतामा वैशाख २ गते बसेको बैठकले भारत लगायत तेस्रो मुलुकबाट यस प्रदेशमा भित्रिएका मानिसहरुको पहिचान गरी निगरानी गर्ने, ल्याव परीक्षणगर्ने र नयाँ आउने व्यक्तिहरुलाई तोकिएको अवधिभर अनिवार्यरुपमा क्वारेन्टाइनमा राख्ने र छिमेकी प्रदेश र जिल्लाबाट मानिस भित्रिने नाकामा थप सुरक्षा प्रवन्ध गर्नुपर्ने भएकोले सशस्त्र प्रहरीले आवश्यक व्यवस्था मिलाउने पनि निर्णय गरेको छ ।

यस्तै बैठकले अर्को प्रदेशबाट भित्रिने दुध र दुग्धजन्य पदार्थ, तरकारी तथा फलफूल, पशु पंक्षीजन्य उत्पादन भित्र्याउन अर्को व्यवस्था नहुँदा सम्म पूर्ण रूपमा रोक लगाउने निर्णय गरेको छ ।

साथै लकडाउनको समयमा दैनिक ज्याला मजदुरी गर्ने व्यक्ति तथा परिवार र अन्य जिल्लाबाट अध्ययनको लागि आएका विद्यार्थीहरु परिहचान गरी राहत वितरणलाई व्यवस्थित गर्ने र गाउँघरमा मौसमी बाली भित्र्याउने तथा बाली लगाउने समय भएकोले खेताला तथा श्रमिक प्रयोग नगरी गर्न सकिने बाली भित्र्याउने तथा बाली लगाउने कार्यहरू गर्न दिने पनि बैठकको निर्णय छ ।

कोरोना भाइरस प्रकोप न्यूनीकरणका लागि जिल्ला-जिल्लामा भएका प्रयास सम्बन्धमा इन्सेकका जिल्ला प्रतिनिधि मार्फत प्राप्त सूचनाको आधारमा जिल्लागत अवस्था विश्लेषण यसप्रकार छ ।

**इन्सेक सल्यान प्रतिनिधि मिना बुढाथोकीका अनुसार** लकडाउनमा झुठो कागजात र नक्कली बिरामी बनाई रुकुमबाट दाङ्ग तुलसीपुर जाँदै गरेको एम्बुलेन्स सहित चार जनालाई प्रहरीले गिरफ्तार गरेको छ ।

रुकुमबाट दाङ्ग जाँदै गरेको मानव परोपकार तथा समाज कल्याण केन्द्र दाङ्गको रा १ च ५१२ नम्बरको एम्बुलेन्समा सवार चालक सहित चार जनालाई बागचौर नगरपालिका ४ बाङ्गेलाखुरीबाट गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ ।

गिरफ्तार हुनेहरुमा दाङ्ग लमही नगरपालिका-३ निवासी २९ वर्षीय मिनराज सुवेदी, २३ वर्षीय दिप्तु चौधरी, १८ वर्षीय रबिन चौधरी र शान्तिनगर गाउँपालिका-२ बाघमारेका एम्बुलेन्स चालक ३० वर्षीय गिरीराज खत्री रहेको जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी प्रमुख ढकेन्द्र खतिवडाले बताउनुभयो ।

उनीहरुको साथबाट पश्चिम रुकुममा रहेको नेपाल सरकार अन्तर्गत स्वास्थ्य सेवा विभाग, स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीबाट जारी भएको प्रेषण स्थानान्तारणको पुर्जा, उक्त पुर्जामा भएको विरामीको नाम थर प्रकाश बुढा रुकुम पश्चिम मुसिकोट ९ लेखिएका पुर्जा भेटिएको प्रहरीको भनाई छ । तर उक्त एम्बुलेन्समा कुनै पनि व्यक्तिको वास्तविक नाम थरसँग मेल नखाएकाले गिरफ्तार गरी अनुसन्धान गरिएको प्रहरीले बताएको छ ।

यसैबीच सल्यानमा भारत तथा अन्य मुलुकबाट आएका व्यक्तिहरुको कोरोनाको द्रुत परीक्षण शुरु गरिएको छ । क्वारेन्टाइनमा बसेकाहरुमा स्वास्थ्य समस्या नदेखिए पनि सम्भावित जोखिमलाई आँकलन गरी ढुक्क हुन परीक्षण शुरु गरिएको स्वास्थ्य कार्यालय सल्यानका प्रमुख डा.अर्जुन बुढाले बताउनुभयो ।

कालिमाटी गाउँपालिका-७ घुइयाबारीमा बसी रहेका १४, शारदा नगरपालिका- २ लुहापिङ्गमा १ र जिल्ला अस्पतालमा २  जनाको परीक्षण गरिएको छ । परीक्षणमा सबैको रिर्पोट नेगेटिभ देखिएको कार्यालयले जनाएको छ ।

यस वाहेक जिल्लामा कोरोनाको आशंकामा ४३ जनाको स्वाब परीक्षण गरिएकोमा ३ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने बाँकी ४० जनाको रिर्पोट आउन बाँकी रहेको छ ।

**इन्सेक जाजरकोट प्रतिनिधि दिनेशकुमार श्रेष्ठका अनुसार** भारत र खाडी मुलुकबाट हालै जिल्ला भित्रिएकाहरुलाई उनीहरुकै घरमा गएर द्रुत परीक्षण गर्न थालिएको छ ।

कर्णाली प्रदेश सरकारको सहयोग र जाजरकोटका सात वटै स्थानीय तहको समन्वयमा स्वास्थ्य सेवा कार्यालय जाजरकोटले एक साताभित्र जिल्लामा विदेशबाट आएका र संकास्पदको परीक्षण गर्ने गरी कार्यतालिका बनाएर बैशाख २ बाट परीक्षण थालिएको स्वास्थ्य सेवा कार्यालय जाजरकोटका प्रमुख टीकाराम जैसीले बताउनु भयो ।

तीनओटा टोलीले भेरीनगरपालिकाको पुन्मा, भुर र जगतिपुरमा वैशाख २ बाट परीक्षण हुँदैछ । जैसीका अनुसार टोलीमा एक जनाचिकित्सक, एक जना ल्याव प्राविधिक र एक जना स्थानियतहको स्वास्थ्यकर्मी रहने छन् । २ र ३ गते भेरी नपा, ४ गते जुनिचाँदे र बारेकोट गाँउपालिका, ५ गते छेडागाड र नलगाड नगरपालिका र ६ गते शिवालय र गाउँपालिकामा परीक्षण गरिनेछ ।

यसैबीच कोरोना भाइरसबाट जोगिन भन्दै जिल्लाका अधिकांश पुल र नाका क्षेत्रमा सुरक्षाकर्मी राखेर बिरामी बाहेक अन्यलाई प्रवेश बन्द गरिएको छ । जिल्लाको नलगाड नगरपालिका-७ चामेखेत, वडा नं ८ को वगरा, वडा नं ११ को तल्लु लगायतका ठाउँमा रहेका झोलुङ्गे पुलमा ताल्चा लगाइएको हो ।

रुकुम पश्चिमको आठबिसकोट नगरपालिका संग जोडिएका यि सबै ठाउँको बिचमा भेरी नदी रहेको छ । त्यस्तै डोल्पा, जाजरकोट र रुकुमपश्चिमको बिचमा रहेको त्रिवेणीका पुलमा समेत ताल्चा र सडकमा बार लगाइएको छ । हिडडुल गर्ने व्यक्तिलाई निश्चित कारण खुलाएर मात्र जान दिइएको नलगाड नगरपालिकाका प्रमुख टेक बहादुर रावलले बताउनु भयो ।

त्यस्तै जाजरकोट र रुकुम बीचमा रहेको रिम्नामा मोटर गुड्ने पुलमा प्रहरी परिचालन गरिएको छ । कुनै पनि कामले आउने सर्वसाधारणलाई स्वास्थ्य जाँच गरेर मात्र जान र आउन दिइएको छ । त्यस्तै भेरी नगरपालिकाको कुदु र चौरजहारी नगरपालिकाको मिसन अस्पताल नजिक रहेको मटेला पुलमा समेत अनावश्यक आउन जान रोक लगाइएको छ ।

**इन्सेक रुकुम पश्चिम प्रतिनिधि मनिषा केसीका अनुसार** कोरोना भाइरस संक्रमणका बिरामी देखिएमा उनिहरुलाई राख्न र उपचार गर्न सजिलो हुने भन्दै मुसिकोट नगरपालिका र चौरजहारी नगरपालिकाले आइसोलेशन भवन निर्माण गर्न सुरु गरेका छन् ।

आइसोलेशनका लागि चौरजहारी नगरपालिकामा हाल क्वारेन्टाइन बनाएको शितल माध्यामिक विद्यालयमा ८ बेडको पक्की भवन र चौरजहारी अस्पतालमा १९ बेडको प्रि-फेव भवन निर्माण भइरहेको नगरप्रमुख विशाल शर्माले बताउनुभयो । १० दिन भित्रै काम सक्ने गरी चैत २७ देखि निर्माण सुरु गरिएको भवन निर्माणका लागि ५० लाख रुपियाँ बजेट लाग्ने अनुमान गरिएको छ ।

नगरप्रमुख शर्माका अनुसार शीतल माध्यामिक विद्यालय परिसरमा बन्न थालेको पक्की आइसोलेसन भवन निर्माणमा करिव एक करोड रुपियाँ खर्च लाग्ने अनुमान गरिएको । कोरोना संक्रमण रोकथामपछि यो भवन विद्यालयलाई नै हस्तान्तरण गरिने छ ।

यस्तै मुसिकोट नगरपालिकाले जिल्ला अस्पताल सल्लेमा चैत ३० गतेदेखि निर्माण गर्न थालेको ८ बेडको भवनको लागि करिब ५० लाख खर्च लाग्ने उपप्रमुख प्रेमकुमारी सुनार केसीले बताउनुभयो ।

यसैबीच रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका वडा नम्बर २ ले वैशाख २ गते विपन्न घर परिवारलाई खाद्यान्न वितरण गरेको छ ।

**इन्सेक हुम्ला प्रतिनिधि नन्द सिंहका अनुसार** जिल्ला सदरमुकाम सिमकोट स्थित रानीवनमा निर्माण गरिएको क्वारेन्टाइनमा बसेका १३ जनालाई १४ दिनको अवधी नपुग्दै बैशाख १ गते घर फर्काइएको छ ।

स्वास्थ्यमा समस्या नदेखिएपछि सिमकोट गाउँपालिका वडा नम्वर ३ का १ जना, ५ का ३ जना र ७ का ९ जना गरि जम्मा १३ जनालाई घर पठाइएको रानीवन क्वारेन्टाइन स्थलका सुचना अधिकारी परजित बोहराले बताउनु भएको छ । उनिहरु नेपालगञ्ज, सुर्खेत, मुगुको गमगढी हुँदै हुम्ला आएका हुन ।

जिल्लाका सातवटै स्थानीय तहमा ८ सय ७४ जना जिल्ला भित्रिए पनि ६५ जना मात्र क्वारेन्टाइनमा बसेको जिल्ला प्रहरी कार्यालय हुम्लाका डिएसपी रामप्रसाद घर्तिमगरले बताउनु भयो ।

यस्तै नाम्खा गाउँपालिकामा कोरोना भाइरसको परीक्षण गरिएको १७ जनाकै रिपोर्ट नेगेटिभ आएको छ । गाउँपालिकामा ३४ जना भारतबाट फर्केका व्यक्ति छन् ।

यसैबीच सिमकोट गाउँपालिका-७ डाँडाफयामा रहेका दलित, गरिव, विपन्न र एकल महिलाहरुलाई नेपाल पत्रकार महासंघ कर्णाली प्रदेशका सदस्य मन्दिर सिंहले लुगा धुने साबुन सहयोग गर्नु भएको छ ।

गाउँका ८ जना एकल महिला, ७५ जना दलित समुदाय र २२ जना विपन्न गरी १ सय ५ जना महिलाहरुलाई व्यक्तिगत लगानीमा लुगा धुने साबुन सहयोग गर्नु भएको हो ।

यसैगरी खाद्यान्न अपुग हुने देखिएपछि नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले हुम्लाका लागि २ हजार क्वीन्टल खाद्यान्न थप गरेको छ । लिमिटेड सिमकोट शाखाका प्रमुख रामबहादुर विष्टका अनुसार खाद्यान्न थप गरिएपछि यो वर्ष हुम्लामा खाद्य संकट हुदैन ।

**इन्सेक जुम्ला प्रतिनिधि मानदत्त रावलका अनुसार** जिल्लाको प्रदेशद्वार नाग्म हेल्थ डेस्कमा खटिएका स्वास्थ्यकर्मी र सुरक्षाकर्मीले पिपिई पाएका छन् । हेल्थ डेस्क स्थापना भएको तेस्रो हप्ता जन स्वास्थ्य कार्यालय जुम्लाले ४ स्वास्थ्यकर्मी र दुई सुरक्षाकर्मीका लागि पिपिई उपलव्ध गराएको हो । गत चैत १० मा नाग्ममा हेल्थ डेस्क स्थापना गरिएको थियो ।

हेल्थ डेस्क स्थापना पश्चात् पहिलो साता कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, दोस्रो साता तिला र हिमा गाउँपालिकाले दुई दुई जना स्वास्थ्यकर्मी परिचालन गरेको थियो । यस्तै तेस्रो हप्ता तातोपानी गाउँपालिका र चन्दननाथ नगरपालिकाले दुई दुई जना स्वास्थ्यकर्मी परिचालन गरेको छ ।

यसैबीच कोरोना परीक्षणमा जुम्लाका तीन सय २४ जनाकै रिपोर्ट नेगेटिभ आएको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लाका अस्पताल निर्देशक डा. मंगल रावलले बताउनु भएको छ । चैत २५ गते घुम्ती मेडिकल टोलीले भारत तथा तेस्रो मुलुकबाट जुम्ला आएका ३ सय २४ जनाको स्वाब संकलन गरी परीक्षण गर्न काठमाडौं पठाएको थियो ।

हाल १८ जना क्वारेन्टाइनमा बसेका छन् । दुई सय ४४ जना १४ दिन पुरा गरी घर फिर्ता भएको प्रमुख जिल्ला अधिकारी दुर्गा बञ्जाडेले बताउनुभयो । जुम्लाभर अहिले दुई सय ६६ बेड क्वारेन्टाइन रहेका छन् ।

**इन्सेक मुगु प्रतिनिधि जीवन सेजुवालका अनुसार** लकडाउन पुर्ण रुपले कार्यान्वयन गर्न लामा समुदाय बसोबास गर्ने मुगुम कार्मारोङ गाँउपालिकाका स्थानिय वासीले एक गाउँ देखि अर्को गाउँमा आवत जावत गरेमा १० हजार जरिवाना गर्ने निर्णय गरेका छन ।

बार लगाइएको बाटोमा प्रत्यक दिन उनीहरु पालो गरेर चौकिदारी बस्ने गरेका छन् । स्थानीयको यस्तो कदमलाई गाउँपालिकाले समर्थन गरी आवश्यक सहयोग गरेको वडा नं. ८ का अध्यक्ष धोर्वा तामाङ्गले बताउनु भयो ।

**इन्सेक डोल्पा प्रतिनिधि विष्णुप्रसाद देवकोटाका अनुसार** ठूलीभेरी नगरपालिकाले कोरोना बिरुद्धको सतर्कता अपनाउनका लागि जिल्ला अस्पताल डोल्पालाई पाँच लाख सहयोग गर्ने घोषणा गरेको छ ।

नगरपालिका भित्रका विभिन्न वडामा क्वारेन्टाइन निर्माण, व्यवस्थापन, हेल्थ डेस्क स्थापना, विपत व्यवस्थापन कोष स्थापना, राहत वितरण लगायतका काम गरेको वडा नं ९ का अध्यक्ष बिरमल भण्डारीले बताउनु भयो ।

यसैगरी स्थानीय युवा धनप्रसाद बुढा, अमिस बुढा र सुकबहादुर बुढाको आर्थिक सहयोगमा गाउँका १ सय ९१ घरधुरीमा साबुन र ६ सय ५८ मास्क वितरण गरिएको युवा धनप्रसाद बुढाले बताउनु भयो ।

**इन्सेक सुर्खेत प्रतिनिधि दुर्गा थापाका अनुसार** सुर्खेतको सिम्ता गाउँपालिकाले १ सय ४५ जना भारतबाट र ७ जना तेस्रो मुलुकबाट आएको तथ्याङ्क सार्वजनिक गरेको छ । जसमध्य १ सय ४७ जनाको द्रुत परीक्षण गरिएको गाउँपालिका अध्यक्ष कविन्द्र कुमार केसीले बताउनुभएको छ ।

यसैगरी पञ्चपुरी नगरपालिकामा भारतबाट आएका १९ जनाको पनि परीक्षण गरिएको नगरप्रमुख उपेन्द्र थापाले जानकारी दिनुभएको छ । अन्य स्थानिय तहले पनि भारत, तेस्रो मुलुक र नेपालकै विभिन्न जिल्लाबाट आएका व्यक्तिको खोजी गरिरहेका छन् ।

**इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेत**